# राष्ट्रिय योजना आयोगको सचिवालय

## प्रेस विज्ञप्ती

### २०७४ पुस २१ शुक्रबार

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री **शेरबहादुर देउवाज्यू**को अध्यक्षतामा समितिको **४१ औं** बैठक बस्यो । बैठकमा माननीय मन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय राज्यमन्त्रीहरु, महालेखा परीक्षक, नेपाल सरकारका मुख्य सचिव, नेपाली सेनाका प्रधान सेनापति, आयोगका माननीय सदस्यहरु र नेपाल सरकारका सचिवहरुको समेत उपस्थिति रहेको थियो । बैठकमा समष्टिगत आर्थिक सूचकहरु, आ.व. २०७४/७५ को प्रथम चौमासिक अवधिको बजेट खर्च, कार्यक्रम तथा आयोजनाहरुको चौमासिक प्रगति, राष्ट्रिय गौरवका आयोजनाहरुको चौमासिक प्रगति स्थिति, पुनःनिर्माणसम्बन्धी प्रथम चौमासिक प्रगति, समितिका विगतका निर्णयको कार्यान्वयन स्थिति तथा विभिन्न मन्त्रालयहरुले सामना गरिरहका समस्याहरु, आयोगबाट आयोजनाहरुको स्थलगत अनुगमन गर्दा देखिएका समस्याहरु र निर्णयका लागि प्रस्तावित विषयहरुको सम्बन्धमा समीक्षा भयो ।

**बैठकले स्थानीय तहमा जनशक्तिको व्यवस्थापन, क्षमता विकास, स्थानीय पूर्वाधारसम्बन्धी मापदण्डहरु, पुर्ननिर्माण र** राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यान्वयलाई प्रभावकारी बनाउने समेत गरी विभिन्न ११ वटा निर्णयहरु गरेको छ ।

**सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री शेरबहादुर देउवाज्यूले बैठकमा देहाय वमोजिमको निर्देशन दिनुभएको थियो :**

वर्तमान सरकार नेपालको संविधान कार्यान्वयनकालागि महत्वपूर्ण आधारका रुपमा रहेको स्थानीय, प्रदेश र प्रतिनिधि सभा समेत तीनै तहको निर्वाचन निर्दिष्ट समयमा स्वतन्त्र, स्वच्छ र भयरहित रुपमा सम्पन्न गराउन सफल भएको छ । यी निर्वाचनहरु सफल गराउन भूमिका खेल्ने निर्वाचन आयोग, राजनीतिक दलहरु, कर्मचारीतन्त्र, सुरक्षा निकाय, नागरिक समाज, संचारकर्मी र सर्वसाधारण नेपाली जनतालाई म धन्यवाद दिन चाहन्छु । लामो संक्रमणलाई अन्त्य गर्दै नेपालको संविधानको पूर्ण कार्यान्वयनका सन्दर्भमा यो निर्वाचनलाई सरकारले महत्वपूर्ण उपलब्धीका रुपमा लिएको छ । तर, लामो समयसम्म निर्वाचन आचारसंहिताको पालना र सरकारको समग्र संयन्त्र नै कुनै न कुनै रुपमा निर्वाचनसम्बन्धी काममा अल्झिन परेको कारणले विकास निर्माण कार्यमा अपेक्षाकृत प्रगति हासिल हुन सकेको छैन । अतः चालू आर्थिक बर्षको बाँकी अवधिमा आयोजनाहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउँदै लक्षित उपलब्धी हासिल गर्नेतर्फ सक्रियताका साथ लाग्न म सबै मन्त्रीहरु र सचिवहरुको ध्यानाकर्षण गर्दछु ।

लामो समयसम्म कार्यान्वयन पद्धति प्रष्ट हुन नसकिरहेका काठमाडौं तराइ-मधेश द्रुतमार्गको निर्माण नेपाली सेनामार्फत गराउने र बुढीगण्डकी जलविद्युत आयोजना नेपालको आन्तरिक स्रोतबाटै संचालन गर्ने निर्णय यस सरकारले लिएपछि यी आयोजनाहरुले गति लिएकोमा मलाई सन्तोष छ । यसैगरी सरकारले विशेष महत्व दिई

नियमित अनुगमन गरिरहेका मेलम्ची खानेपानी, माथिल्लो तामाकोशी जलविद्युत, भेरी-बबई डाइभर्सन र पोखरा विमानस्थल लगायतका राष्ट्रिय गौरबका आयोजनाको कार्यान्वयन प्रगति राम्रो नै रहेको छ । तर, पश्चिम सेती आयोजना र बाराको निजगढमा बन्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलले अझै गति लिन नसकेको देखिएकाले यी आयोजनाहरुका बारेमा चाँडै प्रक्रिया टुंग्याई कार्यान्वयनमा जोड दिन पर्यटन मन्त्रालय र लगानी बोर्डलाई निर्देशन दिन्छु । साथै, राजधानीलाई मुलुकको अन्य भागसँग जोड्ने मुख्य द्वारका रुपमा रहेको मुग्लिन नारायणगढ सडक खण्ड यथाशीघ्र सम्पन्न गराउने व्यवस्था मिलाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायत सम्बद्ध सबैको ध्यानाकर्षण गराउँछु ।

स्थानीय तहका जन निर्वाचित प्रतिनिधिले विकास निर्माण र सेवा प्रवाहको नेतृत्व लिइसकेका छन् । तर, प्रशासनिक संगठन संरचना अनुरुप आवश्यक जनशक्ति नभएको एवम् योजना तथा कार्यक्रम तर्जुमाका सम्बन्धमा अभिमुखीकरण नहुँदा कतिपय स्थानीय तहले कृषि, पशुपन्छी, महिला विकास तथा सामाजिक सेवामा छुट्याउनु पर्ने वजेट समेत सडक वा अन्य पूर्वाधारमा विनियोजन गरेकोले ती क्षेत्रमा नकारात्मक असर पर्ने स्थिति देखिएको छ । यस स्थितिलाई मनन गर्दा स्थानीय तहलाई आवश्यक जनशक्तिको आपूर्ति र योजना तथा वजेट निर्माणसम्बन्धी क्षमता विकास तथा अभिमुखीकरण गराउनु अत्यावश्यक भएको छ । अत: गाउँपालिका तथा नगरपालिकामा तथ्यांक संकलन र योजना तथा कार्यक्रम तर्जुमाका लागि आवश्यक जनशक्तिको अल्पकालीन माग परिपूर्ति गर्न स्नातकोत्तर परीक्षा दिइ बसेका वा उत्तीर्ण गरेका युवाहरुलाई योजना प्रक्रियासम्बन्धी तालिम दिई राष्ट्रिय विकास स्वयम्सेवक सेवा कार्यक्रम (NDVS) मार्फत स्थानीय तहमा खटाउने व्यबस्था मिलाउन म राष्ट्रिय योजना आयोगलाई निर्देशन दिन्छु । यसैगरी, प्रदेश तहमा प्रशासनिक संगठन निर्माण, जनशक्ति व्यबस्थापन र विधि तथा प्रक्रियाहरु निर्धारण गर्ने कार्यलाई प्राथमिकता दिई प्रादेशिक सरकार संचालनमा सहयोग गर्नका लागि समेत सम्बद्ध सबैको ध्यानाकर्षण गराउँछु ।

भूकम्प पछिको पुनर्निर्माणले केही गति लिएको भए पनि निजी आवास, सार्वजनिक भवन र सम्पदाहरुको पुन:निर्माणतर्फको प्रगतिलाई अझ द्रुत गतिमा अघि बढाउन जरुरी भएकाले राष्ट्रिय पुन:निर्माण प्राधिकरणका पदाधिकारीहरुलाई सम्बद्ध मन्त्रालय र गाउँपालिका तथा नगरपालिकासँगको समन्वय मजबूत बनाउन निर्देशन दिन्छु ।

(तुलसीप्रसाद गौतम)

सहसचिव एवम् प्रवक्ता

राष्ट्रिय योजना आयोगको सचिवालय